आज मिति २०८२ साल चैत्र महिनाको २० गते ठीक ८:०० बजे निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको १०५ औं बैठक गाउँपालिकाको अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षतामा बसी देहाय अनुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिहरु :-

१. अध्यक्ष श्री मुक्त बहादुर सारु
२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ
३. सदस्य श्री यम बहादुर राना
४. सदस्य श्री फत्ते सिं दर्लामी
५. सदस्य श्री नविन्द्र थापा सोती
६. सदस्य श्री सन्तविर सुनारी
७. सदस्य श्री दुर्गा बहादुर सोमै
८. सदस्य श्री मेख बहादुर सुनारी
९. सदस्य श्री मुक्त बहादुर पाटा
१०. सदस्य श्री हेम कुमारी सुनारी
११. सदस्य श्री देवीसरा सोमै
१२. सदस्य श्री मिम्श्री बयम्बु
१३. सदस्य श्री खुमीसरा पुलामी
१४. सदस्य श्री रिकलाल कामी
१५. सदस्य श्री खुम बहादुर वि.क.
१६. सदस्य सचिव श्री पूर्ण बहादुर चितौरे

अन्य सहयोगी कर्मचारी

लेखा अधिकृत श्री सरोज काफ्ले
ईन्जिनियर श्री संजय खनाल
का.स.श्री शोभा कुमारी फाल

मिति २०८२।१२।२० गतेका दिन ठीक ८:०० बजे बसेको निस्दी गाउँपालिकाको १०५ औं गाउँ कार्यपालिकाको बैठकको प्रस्तावहरु

१,समिक्षा तथा रिपोटिङ सम्बन्धमा ।

२,घाट सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा ।

३,सहकारी सम्मान सम्बन्धमा ।

४,DPR गर्ने सम्बन्धमा ।

५,जलस्रोत उपयोग तथा सरसफाई व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८२ पारित सम्बन्धमा।

६,दोस्रो चौमासिक समिक्षा सम्बन्धमा ।

७,राष्ट्रिय झण्डा राख्ने सम्बन्धमा ।

८, उर्जा विकास उपसमिति गठन तथा सञ्चालन कार्यविधि,२०८२ पारित सम्बन्धमा ।

९,सहलकोट स्वास्थ्य चौकी भेरिएसन सम्बन्धमा ।

१०,विविध ।

<u>मिति २०८२।१२।२० गते बसेको निस्दी गाउँपालिकाको १०५ औं गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु</u>

१. गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो ।गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयन भएको पाइयो,सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुबाट वडा कार्यालयबाट सञ्चालित सेवा प्रवाह साथै विविध विषयको अवस्थाबारे रिपोर्टिङ गर्नुका साथै अन्य विविध विषयमा समिक्षा गरियो साथै देहाय बमोजिमका आयोजनाहरुको अनुगमन गरिएको र सो बारे समिक्षा गरियो ।

-खादर मोटरबाटो ढलान

-फिरफिरे दार्सिङवास मोटरबाटो

-वडा कार्यालय संरचना सुधार तथा व्यवस्थापन

-मागमा आधारित पकेट विकास कार्यक्रम

-न्यो स्मृति भवन निर्माण

-भोटाहा डमरा खानेपानी योजना

-केम खाम्चा मार्ग

-वडा कार्यालय स्कुल बजार मो.बा.स्तरोन्नती

-अर्चले एकीकृत सिंचाई योजना

२. यस निस्दी गाउँपालिका अन्तर्गतका ठेक्कामा नगई नदिजन्य पदार्थ ढुङ्गा,गिट्टी,बालुवा वापतको राजस्व अमानतबाट संकलनको लागि सञ्चालनमा रहेका घाटहरुको रेखदेख र राजस्व संकलनको प्रत्यक्ष र पूर्ण जिम्मेवारी सम्बन्धित वडाका वडा अध्यक्ष र वडा सचिवलाई दिने सर्वसम्मत निर्णय गरियो ।

३. यस निस्दी गाउँपालिका अन्तर्गतका देहायका सहकारीहरुलाई अनुगमन प्रतिवेदनका आधारमा ६९ औं सहकारी दिवसको अवसरमा नगद सहित सम्मान गर्ने सर्वसम्मत निर्णय गरियो ।

-गल्धा सामाजिक उद्यमी महिला सहकारी

-देउराली सामुदायिक विकास बहुउद्धेश्य सहकारी

-गाउँवेशी बचत तथा ऋण सहकारी

४. यस आ.व.२०८२।०८३ मा स्वीकृत सेवा र परामर्श खर्च शीर्षकबाट देहाय अनुसारका क्षेत्रमा DPR,IEE गर्ने सर्वसम्मत निर्णय गरियो ।

ग.जनक मा.वि.पूर्वाधार निर्माण,झिरुबास ।

५. जलस्रोत उपयोग तथा सरसफाईलाई व्यवस्थित बनाउनको लागि जलस्रोत उपयोग तथा सरसफाई व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८२ पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

६.यस आ.व.२०८२।०८३ को दोस्रो चौमासिक समिक्षा मिति २०८२।१२।२० गतेका दिन शाखा प्रमुखहरु र सम्पूर्ण कार्यपालिकाका पदाधिकारीहरुको उपस्थितीमा गर्ने सर्वसम्मत निर्णय गरियो ।

७.यस निस्दी गाउँपालिका अन्तर्गतका देहायका स्थलहरुमा कन्टेन्जेन्सीबाट प्राप्त रकम खर्च हुने गरी नेपालको राष्ट्रिय झण्डा राख्ने र सो कार्य सम्बन्धित वडा कार्यालय मार्फत गर्ने सर्वसम्मत निर्णय गरियो ।

क. निस्दी गा.पा.वडा नं.५ नमसुर्गा
ख. निस्दी गा.पा.वडा नं.६ लेकडाँडा
ग. निस्दी गा.पा.वडा नं.३ काउलेडाँडा
घ. निस्दी गा.पा. वडा नं.२ थुम्कीडाँडा

८.उर्जा सँग सम्बन्धित विविध आयोजना तयार र कार्यान्वयनको लागि उर्जा विकास उपसमिति गठन तथा सञ्चालन कार्यविधि, २०८२ पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

९.यस निस्दी गाउँपालिका वडा नं. २ मा निर्माणाधिन सहलकोट स्वास्थ्य चौकी निर्माणका क्रममा उक्त भवनको जगमा राख्नुपर्ने ढुङ्गाको वालको परिमाण ठेक्काको BOQ मा छुट भएकोमा नियमानुसार Item Variation गर्नुपर्ने भएको हुँदा कुल जम्मा Quantity 32.382 Cum, Item variation गर्ने भनी सार्वजनिक खरिद ऐनको दफा ११८ बमोजिम उक्त भेरिएसन गर्ने साथै उक्त भेरिएसन वापतको भुक्तानी नगर्न कार्यपालिकालाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

१०.

क.आगामी वर्ष २०८३ साल वैशाख २ गते बाट सुरु हुने आर्थिक गणनाको सहजीकरणको लागि यस निस्दी गाउँपालिका अन्तर्गत देहाय बमोजिमको स्थानीय आर्थिक गणना समन्वय समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

संयोजक – गा.पा.अध्यक्ष श्री मुक्त बहादुर सारु

सदस्य – गा.पा.उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

सदस्य सचिव -खुम बहादुर सोती

ख.स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणाली (LGPAS) मा गाउँपालिकाले स्व:मूल्यांकन मार्फत ६६ अंक दाबी गरी जिल्ला समन्वय समितिमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

ग. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत कृषि तथा पशुपंक्षी विकास मन्त्रालय मार्फत माग भए बमोजिम यस निस्दी गाउँपालिका वडा नं.५ अन्तर्गत ढुङ्गानावेशीको लागि एक चिस्यान केन्द्र मागको लागि सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

घ.आगामी आ.व.२०८३।०८४ को लागि देहाय बमोजिमका वैकल्पिक सडकहरु स्थानीय पूर्वाधार विकास आयोजना कार्यालयमा सिफारिस गरी पठाउन कार्यापालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

-सारङ्गीखोला पक्कीपुल निस्दी -७

-केम खाम्चा मार्ग

-दुम्किवास ज्यामिरे पूर्वखोला विरकोट मोटर बाटो

-बेलडाँडा मित्याल जलुके मोटर बाटो

-निस्दी ६ अर्चले र पूर्वखोला सिलुवा जोड्ने सिसाघाट पक्कीपुल योजना

-सिलुवा अर्चले मित्याल मोटर बाटो

ङ.मिति २०८२।१२।१७ मा बसेको गाउँ शिक्षा समितिको बैठकमा प्रस्तावित प्रस्तावहरुको विषयमा भएका निर्णयहरुलाई यसै गाउँ कार्यपालिकाको बैठकले अनुमोदन गर्ने र सोहि बमोजिम कार्यान्वयन गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।